भारतीय राजदूतावास

काठमाडौँ

*****

# **प्रेस विज्ञप्ति**

नेपालमा हालै आएको बाढी र पहिरोबाट प्रभावित परिवारका लागि आपतकालीन राहत सामग्रीको खेप भारत सरकारका तर्फबाट द्वितीय सचिव श्री नारायण सिंहले बाँकेका प्रमुख जिल्ला अधिकारी श्री खगेन्द्र प्रसाद रिजाललाई हस्तान्तरण गर्नुभयो ।

२. टारपोलिन, स्लीपिङ्ग ब्याग, कम्बल, क्लोरिन ट्याब्लेट र पानीका बोतल सहितको ४.२ टनको उक्त मानविय सहायताको खेप भारतबाट नेपालगन्ज ल्याई पुऱ्याइएको हो । भारत सरकार अन्य अत्यावश्यक सरसफाई सामाग्री तथा औषधीका साथसाथै अन्य राहत सामाग्रीको पनि व्यवस्था गरिरहेको छ जुन छिट्टै उपलब्ध गराइनेछ ।

३. छिमेकी मुलुक होस् वा अन्य मुलुक संकटको बेला भारत सदैव पहिलो रेस्पोन्डरको रुपमा रहेको छ । २०७२ सालको भूकम्पपछि नेपाललाई सहयोग गर्न भारत सरकारले सबैभन्दा सुरुमा तत्परता देखाएको थियो र बाह्य मुलुकमा अपरेशन मैत्री नामक सबैभन्दा ठूलो विपद् राहत अभियान सञ्चालन गरेको थियो । भारतले २०८० साल कार्तिकमा जाजरकोटमा भूकम्प गएपछि पनि राहत सामाग्री उपलब्ध गराई सहयोग गरेको थियो ।

४. हालै आएको बाढी र पहिरोले निम्त्याएको विनाशमा नेपाल सरकारलाई हरसम्भव सहयोग गर्न भारत सरकार तत्पर छ ।

****